(२) स्थानीय तहले उपदफा (१) बमोजिम श्रमिकलाई रोजगारीमा खटाउनु पूर्व निर्देशिकाको अनुसूची २ बमोजिमको लाभग्राही परिचयपत्र उपलब्ध गराउने र निर्देशिकको दफा १८ को उपदफा (५) बमोजिम बैंक खाता खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. **आयोजना स्थल:** यस कार्यक्रम अन्तर्गतको एउटा आयोजना सम्भव भएसम्म एउटा वडाभित्र मात्रै सञ्चालन गर्नु पर्नेछ । यदि सो सम्भव नभएको अवस्थामा एउटै आयोजना सोही स्थानीय तहभित्रका दुई वा दुईभन्दा बढी वडामा सञ्चालन गर्न समेत सकिनेछ ।

११. **काम वापतको पारिश्रमिक:** यस कार्यविधि बमोजिम रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिक दर निर्देशिकाको दफा २७ ले व्यवस्था गरे बमोजिम हुनेछ ।

तर, स्थानीय तहबाट यस कार्यक्रमको प्रयोजनका लागि मात्र छुट्टै पारिश्रमिक दर निर्धारण गर्न भने पाइने छैन ।

१२. **रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम रु. एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले आयोजनागत रुपमा खटाइएका श्रमिकहरुमध्येबाट एक जना अध्यक्ष, एकजना सचिव र एकजना कोषाध्यक्ष सहित सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना र अन्य सदस्यहरुमध्ये कम्तिमा २ जना महिला हुनु पर्नेछ ।

(३) देहायको योग्यता भएको व्यक्ति रोजगार उपभोक्ता समितिमा रहन सक्नेछ :

(क) कुनै फौजदारी अभियोग नलागेको,

(ख) सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजू रहेको नभएको,

(ग) कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा नरहेको,

(घ) निजको परिवारको अन्य कोही सदस्य सोही समितिमा नरहेको ।

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनु पर्नेछ । यदि आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा भएको श्रमिक उपलब्ध नभएमा सम्बन्धित स्थानीय तहका वडाहरुमध्ये आयोजना सञ्चालन हुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी वासिन्दा भएको श्रमिकमध्येबाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनौट गर्नु पर्नेछ ।

(५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर मात्र रहनेछ ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नु पर्नेछ । उनीहरुले समितिको पदाधिकारी भएकै कारणले काम गरे बापतको ज्याला बाहेक अन्य कुनै पनि सुविधा प्राप्त गर्ने छैनन् ।

(७) सम्बन्धित स्थानीय तहले आयोजनामा खटिएका श्रमिकहरुलाई रोजगार उपभोक्ता समिति गठनका लागि सहमतिमा अध्यक्ष र अन्य पदाधिकारीहरुको नाम प्रस्ताव गर्न तीन दिनको समय दिनु पर्नेछ । सो समयभित्र सहमति कायम हुन नसकेमा सम्बन्धित स्थानीय तहले नै अध्यक्ष र अन्य पदाधिकारी तोकी रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्न सक्नेछ ।

१३. **रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार:** रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ:

(क) स्थानीय तहसँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

(ख) श्रमिकहरुको हाजिरी अभिलेख राख्ने वा राख्न लगाउने,

(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक सूचना दिने र सहजीकरण गर्ने,

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी स्थानीय तहबाट सो बराबरको रकम सिधै श्रमिकहरुको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने ।

तर, निर्देशिकाको दफा २८ को उपदफा (२) बमोजिम बैंक खाता मार्फत भुक्तानी गर्न सम्भव नभएको विशेष अवस्थामा श्रमिकको पारिश्रमिक स्थानीय तहबाटै श्रमिकलाई भरपाई गराई नगदै वितरण गर्ने व्यवस्था मिलाउन आवश्यक सहजीकरण गर्ने ।

१४. **श्रमिकहरुको समूह गठन गरी काममा लगाउनु पर्ने:** रोजगार उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा निर्देशिकाको दफा २५ बमोजिमको श्रमिक समूह गठन गरी श्रमिकहरुलाई सोही दफा बमोजिम काममा लगाउनु पर्नेछ ।

१५. **बैंक खाता सञ्चालन सम्बन्धमा:** (१) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य रकमको खर्च व्यवस्थापन गर्न आफ्नो नाममा बैंक खाता सञ्चालन गर्नु पर्नेछ ।

(२) बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) यस कार्यविधि बमोजिमका आयोजनाहरुमा हुने सबै भुक्तानी बैंक मार्फत हुनेछ ।

(४) रोजगार उपभोक्ता समितिले प्रचलित नियम बमोजिम कारोबारको लेखा दुरुस्त राख्नु पर्नेछ ।

१६. **निर्माण सामग्री खरिद:** रोजगार उपभोक्ता समितिले रोजगार आयोजना सञ्चालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरु दफा ७ को उपदफा (३) को खण्ड (ख) बमोजिम स्वीकृत लागत अनुमान अनुसार खरिद गर्नु पर्नेछ ।